का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ साउन २०७९,
बिहीबार
28 July 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न्

वर्ष २०, अंक १७३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**एसईईको नतिजा**



# अंकमा अल्झिएको शैक्षिक मूल्याङ्कन

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

राष्ट्रिय परीक्षा बोर्डले बुधवार सावर्जनिक गरेको एसइइको परीक्षामा पास हुनेको संख्या उच्च देखिएपनि गुणस्तर भने खँस्कदै गएको देखिएको हो । प्रकाशित नतिजामा गयल हुनेको संख्या उच्च देखिएको र अघिल्ला वर्षको तुलानामा गुणस्तर भने खस्किएको नतिजाले देखाएको हो ।

तथ्यांकअनुसार शैक्षिक सत्र २०७५ मा ३.६ देखि ४.० जीपीए ल्याएर उत्तीर्ण हुने प्रतिशत ३.८३ थियो तर यो वर्ष १.९४ प्रतिशत मात्रै उत्तीर्ण भएका छन् । यस्तै ३.२ देखि ३.६ जीपीए ल्याएर तीन वर्षअघि ११.१३ प्रतिशत उत्तीर्ण भएका थिए । यो वर्ष सो प्रतिशत घटेर ८.४० मा सीमित भएको छ । जसमा विभिन्न जीपीए ल्याएर उत्तीर्ण हुनेको संख्या खस्किएको देखिन्छ । 'तुलनात्मक रुपमा माथिल्लो ग्रेड ल्याउने विद्यार्थीको संख्या घटेको छ । यो समयमा र नियमित पढाइ हुन नसक्दा विद्यार्थीको

– बाँकी पृष्ठ २ मा

**५२ जना संवैधानिक पदाधिकारीविरुद्धको मुद्दा**

# सुनुवाइ फेरि स्थगित

पूर्ववर्ती सरकारको पालामा नियुक्त भएका बिभिन्न संवैधानिक निकायका ५२ जना पदाधिकारी विरुद्धको मुद्दामाथिको सुनुवाइ फेरि स्थगित भएको छ । संसदीय सुनुवाई समेत नगरी नियुक्ति दिलाइएको भनी परेको मुद्दा पटक-पटक स्थगित हुनुले न्यायीक नेतृत्वमाथि नै आशंका जन्माएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

बुधबार पूर्ववर्ती केपी शर्मा ओली सरकारको पालामा नियुक्त ५२ संवैधानिक पदाधिकारी विरुद्धको मुद्दामाथिको सुनुवाइ थियो । तर, सुनुवाई फेरि स्थगित भएको छ । संसदीय सुनुवाई समेत नगरी नियुक्ति दिलाइएको भनी परेको मुद्दा पटक-पटक स्थगित हुनुले न्यायीक नेतृत्वमाथि नै आशंका जन्माएको सरोकारवालाहरु बताउँदछन् ।

कानुन व्यावसायीहरुका अनुसार विपक्षी बनाइएका संवैधानिक निकायका पदाधिकारीका कानून व्यवसायीले नै प्रश्न उठाएपछि सुनुवाइ स्थगित भएको हो ।

बसधबार सुनुवाइ सुरु हुनासाथ विपक्षी बनाइएका संवैधानिक पदाधिकारीका कानून व्यवसायीहरुले संवैधानिक निकायलाई पनि विपक्षी बनाउनुपर्ने र उनीहरुबाट लिखित जवाफ



आउनुपर्ने माग गरेका थिए । उनीहरुले संवैधानिक नियुक्तिसम्बन्धी मुद्दा अहिले पनि संयुक्त इजलासमा रहेको र तिनलाई पनि संवैधानिक इजलासमा राखेर एकसाथ सुनुवाइ हुनुपर्ने माग राखे ।

कायम मुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीले संवैधानिक इजलासको नेतृत्व गरी यी मुद्दा सुनुवाइ गर्न मिल्ने कि नमिल्ने भन्ने प्रश्न गरेका थिए । त्यसपछि सुनुवाइ स्थगित भएको हो ।

तत्कालिन प्रधानमन्त्री ओलीले ३० मंसिर २०७७ मा अध्यादेश ल्याएर आफूखुसी संवैधानिक नियुक्तिको प्रक्रिया सुरु गरेका थिए । संवैधानिक परिषदका अध्यक्षसहित तीन जना भए संवैधानिक परिषदको बैठक बस्न सक्ने व्यवस्था गरियो । लगत्तै संवैधानिक निकायहरुमा ठूलो संख्यामा नियुक्ती गरियो । सो नियुक्ति विरुद्ध सर्वोच्च अदालतमा मुद्दा थियो । सभामुख अग्निप्रसाद सापकोटा संवैधानिक नियुक्तिविरुद्ध

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## रोजगारीका लागि भिजिट भिसामा नजान गृहको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन

गृह मन्त्रालयले वैदेशिक रोजगारीको गोप्य उद्देश्य बोकेर भिजिट भिसा प्रयोग गरेर विदेश नजान सचेत गराएको छ । भिजिट भिसा प्रयोग गरी खाडीका यूएई, कतार तथा युरोपेली मुलुकमा पु¥याएर नेपालमा भनिएको काम, तलब तथा अन्य सुविधा नपाउने मात्रै नभई गन्तव्य मुलुकबाट प्रवेश निषेध भई अलपत्र परेर फर्कनुपर्ने लगायतका समस्या देखिएको भन्दै गृह मन्त्रालयले रोजगारीको मनसाय राखी भिजिट भिसामा विदेश नजान आग्रह गरेको हो । गृह मन्त्रालयले भिजिट भिसामा विदेश जानेले पर्यटक प्रयोजनको रुपमा मात्र प्रयोग गर्न पाउने स्पष्ट पारेको छ ।



अध्यागमन कर्मचारी, ट्राभल्स ऐजेन्सी लगायतको सेटिङमा लामो समयदेखि भिजिट भिसाको दुरुपयोग गरेर चर्को रकम असुलेर पठाइएका बेरोजगार युवायुवती समस्यामा परी अलपत्र पर्ने र त्यसमा बिना कारण आफुहरू बदनाम हुनुपरेको वैदेशिक रोजगार व्यवसायीहरूले गुनासो गरिरहेका बेला बुधबार गृह मन्त्रालयले सूचना जारी गरी भिजिट भिसामा कडाइ गर्नुपर्ने भन्दै स्थानीय तह समेतलाई भिजिट भिसामा जानेहरूको सूचना संकलन गर्न आग्रह गरेको छ ।

गत वर्ष भिजिट भिसा प्रयोग गरी वैदेशिक रोजगारीको नाममा 'धन्दा' गर्नेहरुलाई नेपाल प्रहरीको सहयोगमा रेड कर्नर नोटिस जारी गरी ल्याई कारबाहीको शुरूवात गरिए पनि भिजिट भिसामा यूएई पुऱ्याएर अलपत्र पार्ने क्रम नरोकिएको बताइएको छ ।

भिजिट भिसामा विदेश गई समस्यामा परेकालाई उद्धार गरी

– बाँकी पृष्ठ २ मा

**सरकारलाई प्रश्न**

## एसपीपीमा सहभागी हुन्नौं भनेर पत्र किन नपठाएको ?

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

अमेरिकी स्टेट प्रोग्राम पाटनर सिप (एसपीपी)मा संलग्न नहुने सरकारले निर्णय गरेको एक महिना नाघिक्यो । संसद र सडकमा समेत प्रश्न उठेपछि गत असार ६ गते बसेको मन्त्रिपरिषदको बैठकले एसपीपी अगाडि नबढाउने निर्णय गरेको थियो । गृह मन्त्रालयका अनुसार यो निर्णय रक्षा मन्त्रालयबाट परराष्ट्र मन्त्रालय पुगेको छ । तर, परराष्ट्र मन्त्रालयबाट अगाडि बेढेको छैन । एक महिना नाघिसक्दा समेत निर्णय कार्यान्वयन नभएपछि सर्वाजनिक रुपमा त प्रश्न उठेकै थियो, संसदीय समितिले समेत निर्देश गरेर दबाब बढाएको छ । अन्तर्राष्ट्रिय सम्बन्ध समितिले स्टेट बुधबार यही विषयमा छलफल राख्यो । सांसदहरुको धारणा सुनेर एसपीपीमा सहभागी नहुने निर्णय अमेरिकालाई नपठाउनुको कारण के हो ? रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयसँग माग गर्ने निर्णय गऱ्यो ।

> एसपीपीमा संलग्न नहुने सरकारले निर्णय गरेको एक महिना नाघिसक्दा समेत सरकारले अमेरिकालाई जानकारी नगराएपछि सर्वाजनिक रुपमा त प्रश्न उठेकै थियो, संसदीय समितिले समेत निर्देश गरेर दबाब बढाएको छ ।

'एसपीपीमा नेपाल सहभागी नहुने भनेर अमेरिकालाई लेख्नुपर्ने पत्र आजसम्म किन गइराखेको छैन ? नजानुको कारण के हुन् ? र हामीले मागेका डकुमेण्टहरु हामीले प्राप्न गर्न नसक्नुका कारणहरु के-के हुन् ? र यो हामीले प्राप्त गर्नसक्छौँ या सक्दैनौँ प्रस्ट किसिमको जानकारी होस् भनेर हामी पत्राचार गर्ने कुरा यहाँहरु समक्ष राख्न चाहन्छु' निर्णयका लागि समिति ससभापति पावित्रा निरौला खरेलले समिति समक्ष प्रस्ताव राखिन । जसलाई समितिले स्वीकार गऱ्यो ।

समिति सचिवालयका अनुसार बुधबारको निर्णय अनुसार बिहीबार कार्यालय समयमा एसपीपीमा सहभागी नहुने सरकारको निर्णयबारे अमेरिकालाई जानकारी दिन पत्र किन नपठाएको भनी रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पत्र पठाइनेछ । साथसाथै,

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१२ साउन २०७९, बिहीबार
28 July 2022, Thursday

सम्पादकीय

## नबदलिएको दृष्टिकोण

माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा बुधबार सार्वजनिक भएको छ । कोरोना महामारीका कारण यसअघिका दुई वर्षको नतिजा भने सार्वजनिक भएको थिएन । राष्ट्रिय परीक्षा बोर्डले सम्बन्धित विद्यालयमै नतिजा पठाएको थियो । तर यसपटक भने बोर्डले उत्तर पुस्तिका परीक्षण गरी लेटर ग्रेडिङ प्रणालीमा नतिजा सार्वजनिक गरेको छ । २०७५ पछि दुई वर्ष स्थगित भएको नतिजा सार्वजनिक हुँदा नतिजाफल भने तीन वर्ष अगाडिसँग तुलना गर्न परेको छ । तीन वर्ष अगाडिसँग गरिएको तुलनामा भने यसपटक नतिजा खस्किएको टिप्पणी भएको छ । शैक्षिक अवस्थाको नतिजा अंकसँग जोडेर हेर्ने प्रवृत्ति भने एसएलसीकै बेला जस्तोगरी भएको छ । जबकी ग्रेडिङ प्रणाली लागू गरिनुको उद्देश्य अंकसँग शिक्षाको गुणस्तर तुलना नगर्ने भन्ने नै हो ।

किनभने विद्यार्थीको मूल्यांकन एउटा परीक्षाले मात्रै हुँदैन । अझ रत्नाकर डाकू वाल्मिकी बनेको उदाहरण दिने नेपाली समाजमा तीन घण्टामा लेखिएको उत्तर पुस्तिकाको आधारमा कुनै विद्यार्थीको मूल्यांकन उचित होइन भन्ने मत ठूलो छ । त्यसैकारणले पनि लेटर ग्रेडिङ प्रणालीमा लगिएको हो । यसो गरिनुको उद्देश्य भनेको कुनैपनि व्यक्तिले जीन्दगीको कुनैपनि अवधिमा आफूलाई सुधार गर्न सक्छन् भन्ने हो । अझ शिक्षाकै अर्थ पनि जीन्दगीलाई सहज ढंगले जिउने सीप दिलाउनु हो, सामाजिक अनुशासन कायम गरिनु हो । विगतकै नजीरले पनि त्यही प्रमाणित गर्छ । नीजि विद्यालय पढेर उत्कृष्ट नतिजा ल्याउने जत्तिकै सफल सामुदायिक विद्यालय पढेका विद्यार्थीहरू देखिएका छन् । मुलुक हाँक्ने व्यक्तिहरूको नतिजा पनि कुनै एउटा तहलाई मात्रै आधार बनाएर हेर्न सकिन्न ।

तर फेरि पनि तीन घण्टामा दिइएको उत्तरलाई आधार मानेर कुनै व्यक्तिको सामाजिक परिचय स्थापित गराउने प्रवृत्ति कायमै रहेको छ । यदि त्यसो नहुँदो हो त अहिले एसईईमा ल्याएको अंकलाई आधार मानेर विश्लेषण नहुनुपर्ने हो । तर त्यस्तै भइरहेको छ । जबकी जीन्दगीभर कुनै व्यक्तिले परीक्षा दिइरहनुपर्ने हुन्छ, कुनै व्यक्तिले एकपटक उत्कृष्ठ प्रस्तुति दिएर मात्रै पुग्दैन । अतः नैतिक, योग्य र सफल व्यक्तिको निर्माण लामो प्रक्रिया हो । हाम्रो शिक्षा प्रणाली पनि त्यसतर्फ उन्मुख हुन जरूरी छ । एकपटकलाई मात्रै आधार बनाउनु उचित होइन । त्यसैले एसईईमा कमजोर नतिजा ल्याउँदैमा निराश हुनु वा उत्साहित हुन आवश्यक हुन्न । एसईई परीक्षा पार गरेका सबैलाई बधाई !

# नागरिकतामाथि देखिएको ‘तुच्छ’ राजनीति

*अहिले एमालेले 'नागरिकता विधेयक'को विरोधमा सडकमा तमासा शुरू गरेका तस्बीर दिक्क लाग्दो छ । यो विधेयक के कारण राष्ट्रघाती छ ? आफैले ल्याएको अध्यादेश र यो विधेयक समान छ भने के त्यो अध्यादेश राष्ट्रघाती थियो ? के त्यस्तो राष्ट्रघाती अध्यादेश ल्याउने ओली र जारी गर्ने राष्ट्रपतिले माफी माग्नु नपर्ने ?*

अग्रलेख



● नारायण गाउँले

दुई वर्षअघिसम्म प्रतिनिधिसभामा नागरिकता विधेयकमाथि छलफल हुँदै थियो । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सरकारसँग झन्डै दुई तिहाई बहुमत थियो । नागरिकताबारे पुराना ऐन त थिए तर, खासगरी जन्मसिद्ध नागरिकता लिएका व्यक्तिका सन्तानले कस्तो नागरिकता पाउने भन्ने कानुन नभएकाले धेरै युवा नागरिकताविहीन थिए । नागरिकता आफैमा संवेदनशील विषय भएकाले तत्काल स्पष्ट कानुन बन्नु जरूरी थियो । सरकारसँग पनि स्पष्ट बहुमत भएकाले चाहेजस्तो कानुन बनाउने हक र सुविधा राख्थ्यो ।

संसदमा नागरिकतालगायतका अन्य थुप्रै विधेयक पनि थिए र तिनमा छलफल हुँदै थियो । तर, तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै बिजनेश नभएको भन्दै संसदलाई भंग गरे । संसद विघटन गर्ने बित्तिकै ६ लाख बढीले नागरिकता नपाएको भन्दै ओलीले नागरिकता ऐन २०६३ मा संशोधनसम्बन्धी अध्यादेश २०७८ जारी गरे ! त्यसले खासगरी जन्मसिद्ध नागरिकता लिएका व्यक्तिका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने व्यवस्था गऱ्यो । अझ अध्यादेश ल्याउनुअघि गृह मन्त्रालयको सामान्य परिपत्रका आधारमा कानुन बिनै नागरिकता दिने जस्तो व्यवस्था उनैले गरेका थिए । जसलाई सर्वोच्च अदालतले रोक्नु परेको थियो । अहिले संसदबाट पास भएको विधेयक र त्यो अध्यादेशमा गैरआवासीय नेपालीलाई राजनैतिक अधिकार बिनाको नागरिकता दिने भन्ने व्यवस्थाबाहेक ठूलो भिन्नता छैन ।



वैवाहिक अङ्गीकृत नागरिकताबारे त्यो अध्यादेशले पनि कुनै संशोधन गरेको थिएन, यो विधेयकले पनि त्यसलाई छोएको छैन । हामीकहाँ नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलाले अङ्गीकृत नागरिकता लिन सक्ने पुरानै कानुन छ । यसलाई संशोधन गरेर समयावधि थप्नु उचित हुन्छ भन्ने बहस र जनआवाज पनि छ । अहिलेको विधेयकले बीसौं वर्षदेखिको उक्त कानुनलाई नबदलेकोमा धेरैको आपत्ति देखिन्छ ।

संसद पुनर्स्थापना, पुनर्विघटन र पुनर्स्थापना जस्ता केटाकेटी खेल पछि पनि नागरिकतासम्बन्धी कानुन बन्न सकेन । ओली नेतृत्वको एमालेले झन्डै एक वर्ष संसद अवरोध गऱ्यो । सरकारको स्वार्थ गाँसिएका केही विधेयक त अवरोधकै बीच पनि जबर्जस्ती पास भए तर, आम जनता र देशसँग सरोकार राख्ने ऐन कानुन भने अवरोधका कारण बन्न पाएनन् । सांसदले विगत दुई/तीन वर्ष कुनै काम नगरी निर्लज्ज तलब र भत्ता बुझिरहे !

अहिले सरकारले संसदमा विचाराधीन उक्त विधेयकमा सहमति बन्न नसकेको भन्दै फिर्ता लिएर नयाँ विधेयक पास गरायो । जसले धेरैको चासो र इच्छा रहेको वैवाहिक नागरिकताबारे कुनै परिमार्जन गरेन । सांसदको काम संसदमा  उपस्थित भएर कानुनहरू बनाउनु र सरकारलाई निर्देशन दिनु हो । त्यसैका लागि तिनले तलब बुझ्ने हो । यो विधेयक प्रस्तुत गरिएको दिन सयभन्दा कम सांसद उपस्थित रहेको समाचार बाहिर आए । एमालेका ८०-८५ सांसद त्यहाँ उपस्थित भएको भए र तिनले विपक्षमा मत हालेको भए यो विधेयक फेल हुने रहेछ । यतिसम्म कि यो विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्ने सांसदसमेत त्यसलाई प्रस्तुत गर्न सदनमा उपस्थित भएनन् । माधव नेपालले पार्टी खोलेको भनेर दश महिना संसद अवरोध गर्ने एमालेले नागरिकता विधेयक त्रुटिपूर्ण भएको भए संसद अवरोध गर्न पनि सक्थ्यो ।

> *संसद विघटन गर्ने बित्तिकै ६ लाख बढीले नागरिकता नपाएको भन्दै ओलीले नागरिकता ऐन २०६३ मा संशोधनसम्बन्धी अध्यादेश २०७८ जारी गरे ! त्यसले खासगरी जन्मसिद्ध नागरिकता लिएका व्यक्तिका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने व्यवस्था गऱ्यो । अझ अध्यादेश ल्याउनुअघि गृह मन्त्रालयको सामान्य परिपत्रका आधारमा कानुन बिनै नागरिकता दिने जस्तो व्यवस्था उनैले गरेका थिए । जसलाई सर्वोच्च अदालतले रोक्नु परेको थियो ।*

अहिले एमालेले ‘राष्ट्रघाती विधेयक’को विरोधमा सडकमा तमासा शुरु गरेका तस्बीर दिक्क लाग्दो छ । यो विधेयक के कारण राष्ट्रघाती छ ? आफैले ल्याएको अध्यादेश र यो विधेयक समान छ भने के त्यो अध्यादेश राष्ट्रघाती थियो ? के त्यस्तो राष्ट्रघाती अध्यादेश ल्याउने ओली र जारी गर्ने राष्ट्रपतिले माफी माग्नु नपर्ने ? यस्तो राष्ट्रघाती विधेयक संसदमा पास हुँदै गर्दा विपक्षले त्यहीँ विरोध गर्नुपर्दैन ? त्यहीँ विपक्षमा मत हाल्नु पर्दैन ? बहुमतले पास हुन्छ त्यसैले हामी चुप बस्यौं भन्ने काइते तर्क होइन ? सरकारसँग बहुमत त्यसै हुन्छ, के अब प्रतिपक्षलाई विघटन गर्दिने ? जसरी पनि सरकारले ल्याएको कानुन पास हुन्छ भन्ने हो भने सयौंको संख्यामा विपक्षी सांसद देशले किन पाल्ने ? केही गर्न नमिल्ने र नसक्ने सांसदले तलबचाहिँ किन बुझ्ने ?

यो विधेयकको कुन बुँदामा राष्ट्रघात भएको हो ? विदेशी बुहारीलाई नागरिकता दिनेबारे त यो विधेयकले कुनै नयाँ व्यवस्था गरेको छैन । के पुरानो व्यवस्था राष्ट्रघाती हो ? हो भने त्यो व्यवस्था ल्याउने पो राष्ट्रघाती होलान् ! आजसम्म त्यो व्यवस्था कायम राख्नेहरू राष्ट्रघाती होइनन् ? के दुई तिहाईको बहुमत हुँदा यस्तो राष्ट्रघात तत्काल संशोधन गर्नु पर्दैनथ्यो ? केले रोकेको थियो ? वैवाहिक नागरिकताको कानुन बनाउने को हो ? कसले आजसम्म अनुमोदन गर्दै आएको हो ? यो देशमा एमाले र कांग्रेस मिलेर सरकार बनाएका छन्, कांग्रेस र माओवादी मिलेर सरकार बनाएका छन् । मधेशवादी र एमाले मिलेर सरकार बनेको छ । तर, त्यो राष्ट्रघाती कानुन सधैं छ भने राष्ट्रघाती को हो ?

आम जनताको विरोध र बुझाइ त स्वाभाविक होला । तर एउटा महत्वपूर्ण र देशकै ठूलो राजनैतिक पार्टीले यस्तो घटिया राजनीति गर्न सुहाउँछ ? राष्ट्रघात जस्तो शब्दलाई तुच्छ राजनैतिक स्वार्थका लागि सडकमा बेच्न सुहाउँछ ? यो विधेयकको कुन बुँदामा टेकेर गैरनेपालीले नेपाली नागरिकता पाउँछ भन्ने देखाउनु पर्दैन ? यो विधेयक फिर्ता भएपछि के हुन्छ ? राष्ट्रघात सच्चिन्छ ? यो विधेयकले नयाँ नागरिकता दिने भनेको जन्मसिद्ध नागरिकका सन्तानलाई हो, जुन व्यवस्था ओलीकै अध्यादेशमा पनि थियो र उनकै गैरकानुनी परिपत्रमा पनि थियो ।

यो विधेयकले वैवाहिक नागरिकता कानुन त बदलेको छैन । यो विधेयक पास भए पनि फिर्ता भए पनि वैवाहिक नागरिकताको कानुन त त्यही नै रहन्छ, जुन ओलीको दुई तिहाई बहुमतको सरकारमा पनि थियो । त्यसको जिम्मा लिन पर्दैन ? तीन वर्षसम्म आफूले सोही कानुनलाई कायम राख्नु राष्ट्रवाद हुने र अर्कोले कायम राख्दा एकाएक राष्ट्रघात हुने कसरी हुन्छ ? त्यसमा पनि एमालेकै भाषामा यो सरकार परमादेशी सरकार हो, जोसँग संवैधानिक प्रावधान बदल्ने हक छैन । ठूला ऐन कानुन बदल्ने नैतिक अधिकार छैन । अब यसले नबदलेकोलाई कसरी राष्ट्रघात भन्ने ?

### राष्ट्रघाती विधेयक कि कानुन ?

यदि वैवाहिक नागरिकताको प्रावधान राष्ट्रघाती छ भने त्यो राष्ट्रघातको जिम्मा यो विधेयकलाई कसरी लगाउने ? यसले त कुनै प्रावधान बनाएको छैन । जे हिजो थियो त्यसलाई छोडिदिएको छ । जे सुशील कोइराला र ओलीको पालामा थियो, जे ओलीको शक्तिशाली सरकार हुँदा थियो, आज पनि त्यही कानुन छ । यो विधेयकले भएको व्यवस्था नबदलेको मात्रै न हो । सत्ता जोगाउन भएको कानुन चलाउन नसकेको न हो । संविधान नै बदल्न पुग्ने गणितसहितको सबैभन्दा शक्तिशाली सरकारले यस्तो राष्ट्रघाती कानुनको जिम्मा लिन पर्दैन ? के राजनीति यस्तै नौटंकीले चलाइरहने हो ?

सामाजिक सञ्जाल



-डा. सुन्दरी पोखरेल

जसरी हरेक देशको संविधान फरक हुन्छ, त्यसैगरी कानुन पनि फरक हुन्छ । देशहरूको मौलिकता, विशेषता, समस्या र समाधान फरक हुन्छ । नागरिकता विधेयक पनि नेपाली आवश्यकताअनुसार हुनुपर्छ । अहिलेको गलत छ ।



- कृष्ण घिमिरे

खाडीबाट रगत आँसू मिसिएर आउने पैसोले देश चल्ने तर, सत्ता संचालकमा त्यसको संवेदन शून्य । काम नगर्ने कर्मचारीको हुल, अनावश्क प्रदेश संरचना, न्यून विकास र उत्पादनमूखी लगानी, फजुल सरकारी खर्च, बढ्दो आयात र घट्दो निर्यात- अर्थतन्त्रका यी गाँठा फुकाउने नीति खै सरकार ?



- राधाकृष्ण कटवाल

दैनिक मजदुरी गर्ने परिवारले पक्कै पनि सुन किनेर राखेको हुँदैन । सुन किनेर राख्ने नेता, मन्त्री, कर्मचारी र प्रहरीका श्रीमतीहरूले नै हो । अनाधिकृत तवरबाट पैसा आयो कि सुन किनेर थुपार्ने संस्कार नै बनिसकेको छ । सुन किन्न डलर चाहिन्छ अनि व्यापार घाटा नबढे के बढ्छ ? गरिबलाई ठग्ने सुन किन्ने !



- प्रशान्त रिजाल

स्थानीय सरकार र संघीय सरकारले सही नीति र नियम लागू नगरेकोले अबको केही वर्षमा मुलुकमा खाद्यान्न संकट हुनेछ । कारण खेती योग्य जमिनहरूमा प्लटिङ ! अहिले भारतले मकै निर्यातमा रोक लगाएको र नेपालमा भएको मकै आयात गरिरहेको रहेछ ।



- गिरिश चन्द्र लाल

नेपालको संविधानको धारा ३ मा राष्ट्रको परिभाषा स्पष्टरूपमा लेखिएको छ । उक्त परिभाषाअनुसार हिमालदेखि तराई-मधेससम्मका सबै नेपाली भए पनि कुनै एकल जाति समूह मात्रले आफैलाई मात्र नेपाली भनी नेपालका अन्य नेपालीहरूलाई गैरनेपाली मूलको भनी होच्याउने चेष्टा गर्नु हुँदैन ।

# आशा सकिएका राजनीतिक नेतृत्व

विचार



● बिदुर दाहाल

बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछिको तीन दशकलाई मात्र हिसाब गर्ने हो भने पनि विकासले फड्को मार्नु पर्ने हो तर, मारेन । पञ्चायत व्यवस्थाले गरेन वा राणा कालमा केही भएन भनेर भन्नु र सिकाउनु बेकार भयो । तीन दशकको अवधिमा मलेसिया, थाइल्यान्ड, चीन, ताइवान, भियतनाम, कतार, युएई आदिले विकासमा चमत्कार गरे । लि क्वान एक्लैले यही समयमा सिंगापुरलाई दुनियाँको आकर्षणको केन्द्र बनाए । विकासका लागि व्यवस्थाभन्दा नियत, संस्कार र कार्य प्रणाली महत्वपूर्ण हुन्छ भन्ने कुरा स्पष्ट भयो ।

समकालीन नेपालको राजनीतिक नेतृत्व, उनीहरुको कार्य प्रणालीबाट नत राजनीति सुधार हुने देखियो नत विकास । वास्तवमा समयले धरै नेता र नेतृत्वलाई म्याद सकिएको औषधिको रूपमा प्रमाणित गरेको छ । शेरबहादुर देउवादेखि पुष्पकमल दाहाल ‘प्रचण्ड’ र केपी शर्मा ओलीदेखि महन्थ ठाकुरसम्म सबै म्याद सकिएका औषधि हुन् । पटक-पटक परीक्षण गरिएका र भइसकेका यी पात्रहरूबाट फेरि केही हुन्छ भनि सोंच्नु भ्रम मात्र हो । अब उनीहरुको कुनै जादु चल्नेवाला छैन । चलाउने क्षमता पनि छैन । त्यो भुत्ते भइसकेको छ ।

स्पष्ट हुँदा हुन्छ, यो समकालीन नेतृत्व, केवल राजनीतिक परिवर्तन र आन्दोलनका लागि मात्र उपयुक्त रहेछ । यो नेतृत्वको विकास र समृद्धिको सपना नदेख्दा हुने रहेछ । आज लाखौं नवजवानहरु देशमा भविष्य नदेखेर विदेशिएका छन् । कारण प्रष्ट छ; अविकास, कुशासन अनि भ्रष्टाचार । जनताहरु गुणस्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य र रोजगारी चाहान्छन् । सेवा र सुबिधा चाहान्छन् । अबको खोजी गुणस्तरीय जीवनको हो । मानिसहरु गरिबी र अभावबाट मुक्ति चाहान्छन् ।

> *समकालीन राजनीतिक नेतृत्व, उनीहरुको कार्य प्रणालीबाट नत राजनीति सुधार हुने देखियो, नत विकास । वास्तवमा समयले धरै नेता र नेतृत्वलाई म्याद सकिएको औषधिको रुपमा प्रमाणित गरेको छ । देउवादेखि प्रचण्ड र ओलीदेखि महन्थ ठाकुरसम्म सबै म्याद सकिएका औषधि हुन् । पटक-पटक परीक्षण गरिएका र भइसकेका यी पात्रहरुबाट फेरि केही हुन्छ भनि सोंच्नु भ्रम मात्र हो ।*

खोक्रो राजनीति र वाद अब पत्रु बनिसके । नेपालको समकालीन राजनीतिक नेतृत्वलाई उपलब्धि देखाउने पर्याप्त समय थियो, यो ३२/३३ वर्ष ! यो अवधिमा देश र राजनीति उहाँहरुकै वरिपरि घुमि रह्यो । तिव्र परिवर्तन निराशामा परिणत भयो । यसर्थ; नेपालका समकालीन नेता, नेतृत्व र कार्य प्रणाली असफल भयो भन्न कठिन हुँदैन । यो कार्य प्रणालीबाट आशा गर्न सकिन्न । गर्नु हुँदैन पनि । वर्तमान नेतृत्वले राजनीतिलाई सङ्लो हुन र अरुलाई केही गर्न दिँदैन । यो नेतृत्व पंक्तीलाई बिदाई गरी दृष्टिकोणसहितको नयाँ नेतृत्व चयन अहिलेको अति आवश्यकीय विषय हो ।

तत्कालिन समय गिरिजाप्रसाद कोइराला वा प्रचण्ड वा ओलीलाई मुलुकको नायक बन्ने अवसर थियो । तर, उहाँहरु नायक हुन सक्नु भएन । परिवार र गुटको नेता मात्रै बन्नु भयो । स्वार्थी नेता बन्नु भयो । उहाँहरुले राजनीतिलाई धमिल्याउनु भयो । स्वार्थ, अहंकार र परिवारवादबाट बाहिर निस्कन आँटै गर्नु भएन । औसत नेपाली नेताभन्दा फरक हुने आम मानिसको बुझाई गलत साबित भयो । यो नै समकालीन नेतृत्वको सबैभन्दा कमजोर पक्ष हो ।

राजनीति पार्टीका धेरै पसल खोल्नु, त्यसको नेता हुनुभन्दा संस्कार निर्माण, प्रणालीको व्यवस्थितिकरण र आत्मसमीक्षा अहिलेको आवश्यकता हो । सबै जना नेता हुने विकृतपूर्ण राजनीतिले समाजलाई अघि बढ्न दिएन । यो विकासको बाधक थियो । यो कुरा नेतृत्वले कहिल्यै बुझेन । बुझाउन खोजेन । त्यसैमा रमायो । राज्य बलियो बनाउन कहिल्यै लागेनन् । स्वार्थी तत्वको वरिपरि घेरिए । परिवार र गुटलाई बलियो बनाउन लागे । जसरी हुन्छ कमाउन र थुपार्न थाले । वास्तवमा राजनीति सङ्लो भयो भने विकासका सबै आयाममा सकारात्मक परिवर्तन हुन्छ । गरिबी निवारण भई जनताको जीवनस्तर सुधार आउँछ । राजनीति नेतृत्वबाट अपेक्षा गरिएको पक्ष यही थियो ।

बालुवायुक्त निर्जन टापू सिंगापुरलाई लिक्वानले मोतिमा परिणत गरे; नेपाली नेताहरुले त्यति नै समयमा दुनियाँकै सुन्दर देश नेपाललाई एउटा तन्नम मुलुकका रूपमा परिणत गराए । तर, अझैपनि यही नेतृत्वप्रति आशा गर्नेलाई भने के भन्ने ? प्रश्न अनौठो र गम्भीर छ ।

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१२ साउन २०७९, बिहीबार
28 July 2022, Thursday



प्रयोगविहीन बाग्लुङ बसपार्क । प्रयोगविहीन अवस्थामा रहेको बाग्लुङ आधुनिक बसपार्क । तस्बिर : रामबहादुर थापा/रासस

# चुनौतीपूर्ण बन्दै क्रिप्टोकरेन्सी

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

मुलुकको अर्थतन्त्रका लागि क्रिप्टोकरेन्सी चुनौतिपूर्ण बन्दै गएको छ । नेपाल राष्ट्र बैंकले मुलुकको अर्थतन्त्रका लागि क्रिप्टोकरेन्सी चुनौतिपूर्ण बन्दै गएको जनाएको छ । बैंकहरुको वार्षिक नियमन प्रतिवेदन सार्वजनिक गर्दै क्रिप्टोकरेन्सी कारोबार चुनौतिपूर्ण रहेको उल्लेख गरेको हो । क्रिप्टो मुद्रा विश्वव्यापी वित्तीय को लागि एक प्रमुख चुनौतिका रुपमा विकसित भएको, विश्व अर्थतन्त्रमा यसको प्रभाव ठूलो रहेको र नेपालमा क्रिप्टो मुद्राको कारोवार गैरकानूनी भए पनि कारोबार भएको नेपाल राष्ट्र बैंकले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । क्रिप्टोकरेन्सीको कारोबारलाई रोक्न आवश्यक पहल गर्नुपर्ने बताइएको छ ।

क्रिप्टोकरेन्सीको कारोबारले ठगी र कर छली पनि बढेको प्रतिवेदनमा उल्लेख छ । यस्तै, राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा साइबर क्राइमका घटनाहरु पनि बढेको कुरालाई प्रतिवेदनमा औंल्याइएको छ । नयाँ प्रविधिको विकास र प्रयोगसँगै साइबर सेक्युरिटीमाथि जोखिम बढेको उल्लेख गर्दै राष्ट्र बैंकले पछिल्लो समय एटीएम ह्याकिङ, बैंक ह्याकिङ लगायतका घटनाहरु बढेको जनाएको छ ।

पछिल्लो समयमा नेपाल प्रहरीले पनि क्रिप्टो मुद्राको गैरकानुनी कारोबार गर्नेहरुलाई आफ्नो मुख्य निशानामा पारेको छ । सेयर मार्केटकै रुपमा क्रिप्टोको अनलाइन कारोबार गरेर छोटो समयमै मनग्य कमाउन पाइने आशामा नयाँ पुस्ताका धेरै मानिसहरु क्रिप्टोको



कारोबारमा आकर्शित हुँदै गएको देखिन्छ । अवैधानिक रुपमा क्रिप्टो कारोबारीहरु बढ्दा उनीहरु प्रहरीको 'टार्गेट'मा परेका हुन् । राष्ट्र बैंकले् पनि क्रिप्टोकरेनसीको कारोबार गर्नेहरुलाई निगरानी गर्नु पर्ने जनाएको छ । नेपालमा मात्रै नभएर विश्वका थुप्रै मुलुकमा क्रिप्टो मुद्राको कारोबारलाई गैरकानूनी रुपमा लिइन्छ ।

नेपाल राष्ट्र बैंक, नेपाल दुरसंचार प्राधिकरण, नेपाल बैंकर्स संघ, भुक्तानी प्रदायक संस्था लगायतले सूचना नै जारी गरेर क्रिप्टोकरेन्सीको कारोबार नगर्न निर्देशन दिइसकेका छन् । साथै केन्द्रीय बैंक लगायत विभिन्न निकायहरुले क्रिप्टोकरेन्सी (बिटक्वाइन), हाइपर नेटवर्किङ, अनलाइन जुवा लगायतका गैरकानूनी वेबसाइट र एपहरु बन्द गर्न निर्देशन दिइसकेका छन् । विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले विदेशी विनिमय कारोबार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र लिनुपर्ने उल्लेख हुन्छ । तर, विदेशी मुद्राको विनिमयको सन्दर्भमा पनि क्रिप्टोकरेन्सीको कारोबारको लागि सटही सुविधा प्राप्त गर्न सकिँदैन ।

गैर कानूनी रुपमा विदेशी विनिमयसँग सम्बन्धित कसुर गरेमा बिगो रकम एक करोड रुपैयाँ वा सो भन्दा बढी भए त्यस्ता व्यक्तिलाई अन्य सजायका अतिरिक्त तीन वर्षसम्म जेल सजाय गर्न सकिने व्यवस्था कानूनमा रहेको छ । त्यस्तै इजाजतप्राप्त व्यक्तिले बैंकको आदेश पालना नगरे उसलाई नसिहत दिन, कारोबारमा प्रतिबन्ध लगाउन, धरौटी वा जमानत जफत गर्न र इज्जाजतपत्र रद्द गर्न सकिने व्यवस्था रहेको छ । उक्त ऐनसँग जोडिएका कसुरसँग सम्बन्धित विदेशी विनियमलाई जफत गर्ने साथै बिगो बमोजिमको जरिवाना गर्ने र त्यसमा तीन गुणासम्म जरिवाना गराउन सकिने कुरा कानूनमा व्यवस्था रहेको छ ।

# नेपालमा पहिलोपल्ट टोस्टमास्टर्स डिस्ट्रिक्ट ४१ तालिम



**काठमाडौं/मस** – टोस्ट मास्टर्स इन्टरनेसनल डिस्ट्रिक्ट ४१ ले नेपालमा पहिलो पटक डिस्ट्रिक्ट अफिसर तालिम कार्यक्रम आयोजना गरेको छ । श्रावण ६,७ र ८ मा आयोजना गरिएको ३ दिने कार्यक्रममा भारत र नेपालका ९० जनाभन्दा बढी डिस्ट्रिक्ट अफिसरहरु सहभागी भएमा थिए । जहाँ उनीहरुले आफ्नो नेतृत्व सीप विकास गर्दै सामाजिक सम्बन्ध बढाउने मौका पाएका छन् । कार्यक्रममा डिस्ट्रिक ४१ का अनुभवी तथा उत्कृष्ट नेतृत्व पंक्तिहरुले प्रेरणादायी वक्तव्य दिएमा थिए । अमेरिकामा सन् १९२४ देखि शुरु भएको टोस्टमास्टर्स इन्टरनेसन लहाल विश्वका १४९ राष्ट्रहरूमा फैलिएको छ । नेपालमा यो संस्था सर्वप्रथम सन् १९९१ मा शुरु भएको हो ।

कार्यक्रममा बोल्दै डिस्ट्रिक्ट डाइरेक्टर डिटिएम अंकुर यादवले भने 'एक कुशल नेता ले संघठनप्रति प्रतिबद्धता, समाजप्रति कृतज्ञता र आफूप्रति सचेत रहन सक्नु पर्छ । हरेक वर्ष हामी ले नयाँ प्रेरणा को साथ काम गर्नु पर्छ र यस वर्ष केही नयाँ सिक्दै, आफु मा सकरात्मक परिवर्तन ल्याउँदै र आफु लाई सुधार्दै अघि बढ्नु पर्छ । तालिममा टोस्ट मास्टर्सको बजार प्रबर्द्धन गर्न, नयाँ क्लबहरू खोल्न तथा बिषयलाई पनि प्राथमिकता दिइएको थियो ।

# रेड्मी बडस् ३ लाइट अब नेपालमा

**काठमाडौं/मस** – ग्लोबल टेक्नोलोजी लिडर शाओमीले रेड्मी बडस् ३ लाइट नेपाली बजारमा सार्वजनिक गरेको छ । शाओमीको रेड्मी बडस् ३ लाइट फोन प्लस एसेसरिज श्रेणीको सबैभन्दा नयाँ उपकरण रहेको बताएको छ । रेड्मी बडस् ३ लाइटमा प्रभावशाली सुविधाहरू साथै किफायती मूल्य, एर्गोनोमिक डिजाइन, १८ घण्टा सम्मको ब्याट्री लाइफ र अन्य धेरै सुविधाहरू छन् जसले प्रयोगकर्ताहरूलाई क्वालिटी साउन्ड प्रदान गर्छ ।

लन्चको बारेमा बोल्दै शाओमी नेपालका कन्ट्री जेनेरल म्यानेजर अमित कुमार पंडाले भने, रेड्मीले निरन्तर नयाँ ट्रेन्डहरू सेट गर्दै स्मार्टफोन र एक्सेसरिजहरुको विस्तृत क्याटेगोरीका साथ औधोगिक बेन्चमार्कहरू पार गरेको छ । त्यसैगरी, हालको ट्रेन्डलाई ध्यानमा राख्दै रेड्मीले नयाँ रेड्मी बडस् ३ लाइट- 'बडस् फर फन' लन्च गरेको छ । रेड्मीको बड्स ३ लाईटमा लामो समय सम्म टिकाउ ब्याट्री, हल्का र टच अपरेशनको साथ नोइज क्यान्सलेसन जस्ता थुप्रै विशेषताहरू समावेश छन् ।

रेड्मीको बडस् ३ लाईटको तौल ३५ ग्राम भन्दा कम छ । यसको नयाँ लक-इन डिजाइन इयरबडलाई कानमा राम्रो फिट हुनका लागि डबल टायरको सिलिकन ब्यान्डमा उपलब्ध छ । यसमा भएको एर्गोनोमिक डिजाइनले यसलाई प्रयोग गर्न सहज आरामदायी बनाउँछ जसले रेडमी बडस् ३ लाइटलाई




व्यायामको लागि पनि उपयुक्त हुन्छ ।

रेड्मीको बडस् ३ लाईटमा निरन्तर अडियो गुणस्तर सुनिश्चित गर्न साउन्ड ल्याबद्वारा ट्युन गरिएको ६ एमएमको डायनामिक ड्राइभर समावेश गरिएको छ । राम्रो र स्पष्ट इन-कल अडियो अनुभवको लागि रेड्मीको बडस् ३ लाईट ब्लुटुथ ५.२ को साथ निर्मित छ जसले सिमलेस इन-कल अडियो अनुभव प्रदान गर्दछ । टच अपरेसन समर्थन गर्ने यो रेड्मीको बडस् ३ लाईटमा अटो पेयरिङको सुविधा छ । टाइप सी चार्जर समर्थन गर्ने रेड्मीको बडस् ३ लाईटसँग ५ घण्टाको चार्जमा १८ घण्टासम्म म्युजीक प्लेब्याक पाउन सकिन्छ । जिम होस् वा दैनिक यात्रा आइपी ५४ को धुलो र पानी प्रतिरोधी डिजाइन र अविश्वसनीय पर्फमेन्सको साथ रेड्मी बडस् ३ लाईटको आनन्द लिन सकिन्छ ।

# लुम्बिनीका नवनियुक्त अध्यक्ष श्रेष्ठले लिए शपथ



**काठमाडौं/मस** – लुम्बिनी विकास बैंकको नवनियुक्त अध्यक्ष प्रविण कृष्ण श्रेष्ठले शपथ लिएका छन् । श्रेष्ठले बुधबार नेपाल राष्ट्र बैंककी डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिना समक्ष पद तथा गोपनियताको शपथ ग्रहण गरेका हुन् ।

नवनियुक्त अध्यक्ष प्रविण कृष्ण श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट एमबिएसम्मको शिक्षा हासिल गरि स्ट्यान्डर्ड चार्टर्ड बैंक (साविक नेपाल ग्रिण्डलेज बैंक लिमिटेड) र माछापुच्छ्रे बैंकको उच्च व्यवस्थापन तहमा रही करीब २ दशक नेपालको बैकिङ क्षेत्रमा सेवा पुर्याएका छन् । उनी विगत ४ बर्ष देखि लुम्बिनी विकास बैंकको सञ्चालक रहँदै आएका थिए ।

शपथ ग्रहणको नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, निर्देशक बुद्धराज शर्मा, लुम्बिनी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत नरेश सिंह बोहराको उपस्थिति रहेको थियो ।

# फिक्कलमा सिभिलको नयाँ एक्सटेन्सन काउन्टर

**काठमाडौं/मस** – सिभिल बैंकले इलाम जिल्लाको फिक्कलमा नयाँ 'एक्सटेन्सन काउन्टर' संचालनमा ल्याएको छ । इलामकी उपप्रमुख चित्रकला बराइलीले उक्त एक्सटेन्सन काउन्टरको उद्घाटन गरेकी थिइन् । यो सँगै फिक्कल क्षेत्रका सेवाग्राहीहरुले बैंकको एक्सटेन्सन काउन्टर मार्फत आफ्नो सम्पूर्ण बैंकिङ कारोबारहरु सजिलैसँग गर्न सक्नेछन ।



सात लाखभन्दा बढी ग्राहकहरुलाई ११५ शाखाहरु मार्फत सेवा प्रदान गरिरहेको सिभिल बैंकले यस एक्सटेन्सन काउन्टर सहित १३ एक्सटेन्सन काउन्टरहरु स्थापित गरिसकेको छ । साथै, बैंकको हालसम्म ९९ एटिएम रहेका छन् ।

# बढ्यो बीवाइडी इ सिक्स कारको मूल्य

**काठमाडौं/मस** – विद्युतीय सवारीसाधन उत्पादक कम्पनी बीवाइडी अटो इन्डष्ट्रिजको आधिकारीक वितरक साइमेक्स इंकले गाडीको मूल्य बढाएको छ । कम्पनीले विगत दुई महिनाअघि देखिनै गाडीको मूल्य समायोजन गर्नु पर्ने अवस्था आएपनि बजारमा देखिएको समस्याको कारण मूल्य स्थिर राख्न प्रयास गरेको जनाएको छ । शुरुमा गाडीको मूल्य कायम गर्दा रहेको डलर मूल्य र अहिलेको अवस्थामा करिब ७ प्रतिशतको अन्तर ९ डलरको मूल्य महंगो भएको कारण गाडीको मूल्य बढाउनु परेको कम्पनीको भनाई छ ।



कम्पनीले बीवाइडी इ सिक्समा १ लाख ५० हजार रुपैयाँले मूल्य समायोजन गरी नयाँ मूल्य ५९ लाख रुपैयाँ कायम गरेका छ । साथै, एमथ्री मल्टीपर्पोज भ्यानमा १ लाख २ हजार रुपैयाँले मूल्य समायोजन गरी ४५ लाख ५२ हजार रुपैयाँ बनाएको छ । पछिल्लो १५/१६ महिनामा डलरको एक्सचेन्ज रेटमा व्यापक वृद्धि भएको कारण मूल्य बढाउनु परेको साइमेक्स इंकका सीईओ साहिल श्रेष्ठले बताए । सीईओ श्रेष्ठका अनुसार यसअघि नै बुकिङ गरेर बसेका भएका ग्राहकले भने पुरानै मूल्यमा गाडी पाउन सक्नेछन् ।

# आइसिटी अवार्ड २०२२ को नोमिनेशन खुल्ला

**काठमाडौं/मस** – सूचना तथा सञ्चार प्रविधि क्षेत्रको एक प्रतिष्ठित अवार्डको रूपमा परिचित आइसिटी अवार्डको सातौं संस्करणमा दक्षिण एसियाली देशहरूको स्टार्टअपहरुबीच प्रतिस्पर्धा हुने भएको छ । साउथ एसिया स्टार्टअप आइसिटी अवार्ड २०२२ को अनलाइन नोमिनेशन बुधबारदेखि खुल्ला भएको छ । लिभिङ विथ आइसिटीको आयोजना र विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरूको सहकार्यमा आयोजनामा हुन लागेको 'आइसिटी अवार्ड २०२२' अन्तर्गत पहिलोपटक दक्षिण एसियाली देशहरूलाई लक्षित गरेर अवार्डको घोषणा गरिएको आयोजकले जनाएको छ ।

यस अवार्ड विधामा दक्षिण एसियाली देशहरू भारत, बंगलादेश, श्रीलंका, भुटान, पाकिस्तान, अफगानिस्तान, माल्दिभ्सका ४ वर्ष ननाघेका आइटी तथा डिजिटल स्टार्टअप कम्पनीहरूले नोमिनेशन दर्ता गर्न सक्नेछन् । यस विधाको लागि विभिन्न देशका विज्ञहरू सहितको छुट्टै छनौट समिति रहनेछ । सन् २०१६ बाट शुरु भएको आइसिटी अवार्ड हरेक वर्ष परिस्कृत र विस्तारित रुपमा आयोजना हुँदै आइरहेको छ । यस वर्षदेखि अन्तराष्ट्रिय स्तरमा पनि स्टार्टअप इकोसिस्टमको विकास गर्न यस अवार्डलाई घोषणा गरिएको आयोजक समितिका अध्यक्ष राजन लम्सालले बताए । यसअघि विभिन्न ११ विधाहरुको लागि नोमिनेशन खुल्ला भइसकेको छ ।

यस वर्ष नोमिनेशन खुल्ला गरिएको ११ अन्य विधाहरुमा स्टार्टअप आइसिटी अवाड (नेपाल), प्रोडक्ट आइसिटी अवार्ड, राइजिङ स्टार इन्नोभेसन आइसिटी अवार्ड गरी ३ विधाहरू स्टार्टअप तथा इन्नोभेसन सम्बन्धित विधाहरु रहेका छन । आइसिटी अवार्डमा नोमिनेशन दर्ता गर्न प्रतिस्पर्धी आफै वा अन्य कसैले अनलाइन नोमिनेशन दर्ता गर्न सक्नेछन् । अवार्डमा नोमिनेशन गर्न आइसिटी अवार्ड डटओआरजी वेबसाइटमा गएर विधा छनौट गरी अनलाइन फारम भरेर बुझाउनुपर्नेछ । आइसिटी अवार्ड २०२२ को ग्राण्ड फिनाले पुस पहिलो साता आयोजना हुनेछ ।




अवार्ड विजेताहरूले विशिष्ट सम्मानसँगै विभिन्न सेवा र सुविधाहरू प्राप्त गर्नेछन् । स्टार्टअप विधाका विजेताले सहुलियतपूर्ण ऋण सुविधा र लगानीको अवसर समेत प्राप्त गर्नेछन् । यसैगरी अवार्डका विजेता र उत्कृष्टले वर्ल्ड समिट अवार्डमा पनि सहभागिता जनाउने अवसर प्राप्त गर्नेछन् ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**